**कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्ड**

# कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश
# बारम्बार सोधिने प्रश्नहरू

### 1. *कर्मचारी क्षतिपूर्ति सहायता कोष के हो?*

कर्मचारी क्षतिपूर्ति सहायता कोष ("द फण्ड") कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश (क्याप. 365) अन्तर्गत स्थापित छ र कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्ड ("द बोर्ड") द्वारा प्रशासित छ । यो कोष मुख्यतया कर्मचारीहरूको क्षतिपूर्ति बीमा लेवीस अध्यादेश (क्याप. 411) अन्तर्गत रोजगारदाताहरूद्वारा भुक्तान गरिएको करबाट वित्तिय सहयोग बाट गरिन्छ जब उनीहरूले कामदारहरूको क्षतिपूर्ति बीमा सुरक्षा समावेश भएको सुनिश्चित गर्छन् ।

### 2. *कोषबाट कस्तो प्रकारको सहयोग प्राप्त गर्न सकिन्छ?*

घाइते कामदारहरु वा मृतक कर्मचारीहरुका योग्य परिवारका सदस्यहरु जसले कामदारहरुको क्षतिपूर्ति वा कमन ल(सामान्य कानून) अन्तर्गत क्षतिपूर्ति प्राप्त गर्न असमर्थ छन् र जसमा सम्बन्धित रोजगारदाता(वा बीमाकर्ता)द्वारा सबै कानूनी तथा आर्थिक रुपमा पुन: प्राप्तिको सम्भव माध्यमहरु समाप्त भएपछि, यस कोषबाट सहयोग प्राप्त गर्न आवेदनको लागि योग्य हुन्छन् । निम्न प्रकारहरूका सहायता कोषबाट उपलब्ध छन्:

(a) भुक्तान प्राप्त नभएका कर्मचारीहरूका लागि कर्मचारी क्षतिपूर्ति अध्यादेश (क्याप 282) र सम्बन्धित चासोको विषयहरु अन्तर्गत काम सम्बन्धी चोटपटकहरु वा मृत्यु हुँदा क्षतिपूर्ति;

(b) कामदारहरूको क्षतिपूर्ति दावी गर्न कानूनी कार्यवाहीहरुमा गरिएको खर्च; र

(c) त्यस्ता चोटपटकहरु वा मृत्युको कारण क्षतिपूर्ति भुक्तान नभएको सामान्य कानून क्षतिपूर्ति अन्तर्गत, राहत भुक्तानहरु दिईन्छ ।

### 3. *कुन परिस्थितिहरूमा घाइते कर्मचारीले कोषबाट सहयोगको लागि आवेदन दिन सक्छ?*

घाइते कामदारहरू वा योग्य कामदारहरूको क्षतिपूर्ति तिर्नुपर्ने प्राथमिक दायित्व कर्मचारीहरूको क्षतिपूर्ति अध्यादेश अन्तर्गत र/ वा सामान्य कानून क्षतिपूर्ति रोजगारदाताहरूको साथमा पर्छ । यदि अदालतले कामदारहरूको क्षतिपूर्ति/ क्षतिपूर्तिको रकम रोजगारदाताले भुक्तान योग्य भुक्तान गर्न पर्छ भनेर आदेश प्रदान गर्दछ, तर रोजगारदाता सँग आफ्नो दायित्व र पूर्वनिर्धारित भुक्तानी व्यहोर्न वैध बीमा नीति छैन भने, आवेदकले रोजगारदाताको विरूद्ध एक बैंकरप्सी/ वाईन्डिङ-अप अर्डरको लागि आवेदन दिएर अदालतबाट प्रदान गरीएको सम्मानित रकम फिर्ता गर्न पाउन आदेश लागू गर्नु पर्नेछ । ती घाइते कर्मचारी वा योग्य व्यक्तिहरु जसले उनीहरूको रोजगारदाताको विरूद्ध उनीहरूको कर्मचारीहरूको क्षतिपूर्ति/ हानीको दावी मात्रा स्थापित गरेको छ तर सबै कानुनी र आर्थिक व्यवहारिक रुपमा पुन: प्राप्तिको सम्भव माध्यमहरु पूर्ण गरेपछि आफ्नो अधिकारहरु प्राप्त गर्न असमर्थ छन्, तिनीहरूले सहायताको लागि भुक्तान नगरिएको रकमको कोषबाट आवेदन दिन सक्छन् ।

4. ***कोषबाट सहयोगको लागि आवेदन दिने उसको अधिकारको रक्षा गर्न, घाइते कर्मचारीले रोजगारदाता विरुद्ध कर्मचारीहरुको क्षतिपूर्ति वा हानीको लागि दावी गर्दा कुन कुराको सचेत हुनुपर्छ?***

घाइते कामदारहरु वा योग्य व्यक्तिहरुले जिल्ला अदालतमा कामदारहरूको क्षतिपूर्ति र/ वा जिल्ला अदालत वा उच्च अदालतमा हानी नोक्सानको लिखित आदेशपत्र (रिट) मार्फत दावी गरी कार्यवाही शुरू गर्नुपर्ने हुन्छ। **कर्मचारीहरुको क्षतिपूर्ति सहायता अध्यादेशको धारा 25B(1)अन्तर्गत, कर्मचारीहरुको क्षतिपूर्ति वा हानीहरुको दावी को सम्बन्धमा कार्यवाही शुरू गर्ने व्यक्तिले बोर्ड र बीमा गर्ने व्यक्ति (यदि लागू भएमा) मा कारवाहीको सूचना दिनेछ ।** सूचना बोर्डमा हुलाक द्वारा 30 दिन भन्दा अगाडि कामदारहरूको क्षतिपूर्ति आवेदन वा लिखित आदेशपत्र(रिट) अदालतमा पेश गरेको मिति पछि प्रस्तुत गरिनेछ । त्यस्तो सूचना बोर्डले तोकेको फारममा लिखित रूपमा, व्यक्तिले हस्ताक्षर गरेर र कर्मचारीहरुको क्षतिपूर्ति आवेदन वा लिखित आदेशपत्र(रिट)को प्रति सहित पेश गरिनेछ। कर्मचारीहरूको क्षतिपूर्ति कार्यवाहीहरु र हानी नोक्सानको कार्यवाहीहरुको सम्बन्धमा छुट्टै सूचनाहरू बोर्डमा प्रस्तुत गर्नु आवश्यक छ । **कुनै पनि व्यक्तिले वैधानिक 30 दिन भित्र बोर्डमा आवश्यक सूचना (हरु) सेवा पेश गर्न असफल हुन्छ भने सो व्यक्ति कोषबाट कुनै पनि सहायता भुक्तानको हकदार हुनेछैन । कर्मचारी क्षतिपूर्ति सहायता** अध्यादेशको धारा 25B(2) अन्तर्गत, अपवादात्मक परिस्थितिमा मात्र जब आवेदकले बोर्डलाई लिखित रूपमा त्यहाँ/ उसले तोकिएको अवधि भित्र बोर्डलाई सूचित गर्न असमर्थ भएको ठोस कारणहरू प्रदान गरी बोर्डलाई सन्तुष्ट गरेको खण्डमा मात्र बोर्डले उक्त सूचना अवधि विस्तार गर्न विचार गर्न सक्दछ ।

कामदारहरूको क्षतिपूर्ति र/ वा अदालतमा इनामको लागि प्रक्रिया गर्दा विशिष्ट कानूनी ज्ञान र न्यायिक प्रक्रियाहरू सामेल हुन सक्छन् । आफुलाई हानी नोक्सानीबाट सुरक्षित गर्न, दावीकर्ताले दक्ष कानूनी व्यक्तिबाट सल्लाह लिनुपर्दछ, र आफ्नै खर्चमा वकीलको निर्देशन लिन वा सरकारी कानूनी सहायता मार्फत निर्देशन लिनु उचित हुन्छ वा हुँदैन भनी विचार गर्न आवश्यक छ ।

5. ***"राहत भुक्तान" भनेको के हो?***

एक घाइते कर्मचारी जसलाई अदालतद्वारा कमन ल क्षतिहरूको रकम प्राप्त हुन्छ र कोषबाट सहयोगको लागि उसको निवेदन पारित भएको बदलामा “राहत भुक्तान” गरिने छ । अदालतले प्रदान गरेको कुल रकम भन्दा बढी राहत भुक्तान हुनेछैन र क्षतिहरूको सम्बन्धमा कार्यवाहीबाट हुने त्यस्तो क्षति र लागतहरूमा कुनै ब्याज समावेश हुँदैन । जहाँ राहत भुक्तानीको रकम $6 मिलियन भन्दा बढी हुँदैन, यो एकमुष्ट रकममा पूर्ण रूपमा भुक्तान गरिनेछ। यदि $6 मिलियन भन्दा बढी हुन्छ भने, $6 मिलियनको प्रारम्भिक भुक्तानी हुनेछ र त्यसपछि मासिक भुक्तानी गर्न दुर्घटनाको समयमा कर्मचारीको मासिक आयको दरमा गणना गरिन्छ वा प्राप्त हुने रकम भुक्तान नभएसम्म $40,000 जुन अधिक हुन्छ सो रकम भुक्तान गरिन्छ (प्याराप्लेजिया (सामान्यतया मेरुदण्डमा चोटपटक वा रोगले गर्दा शरीरको तल्लो भाग र खुट्टाको पक्षाघात हुनु) वा क्वाड्रिप्लेजिया (दुवै हात र खुट्टाको पक्षाघात हुनु) बाट पीडित भएर कष्ट भोगिरहेका घाइते कर्मचारीको खण्डमा र कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश अन्तर्गत "गम्भीर घाइते प्रासंगिक योग्य व्यक्ति" को रूपमा तोकेको कर्मचारी हो भने, थप मासिक रकम $40,000 निर्धारित मासिक रकम (अतिरिक्त)) को रूपमा भुक्तानी निर्धारित गरिएको छ), जबसम्म आदेश अनुसार पूरा रकमको भुक्तानी गरिन्दैन ।

*6. कुन कागजातहरू आवेदन गर्नको लागि आवश्यक छ?*

कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेशको धारा 16 अन्तर्गत बेतलबी कामदारहरूको क्षतिपूर्तिको आवेदनको लागि, आवेदकले निम्न कागजातका प्रतिलिपिहरु प्रदान गर्नुपर्नेछ:

(a) हङकङको सक्षम क्षेत्राधिकार भित्रको अदालतको फैसला वा आदेश;

(b) मृतक कर्मचारीको अन्त्येष्टिको प्रतिपूर्ति खर्च, क्षतिपूर्ति मूल्यांकन, चिकित्सा खर्च सम्बन्धमा श्रम आयुक्तले जारी गरेको प्रमाणपत्र (हरु); र

(c) अन्य कागजातहरू जसले बोर्डलाई यसको अनुसन्धानमा मद्दत गर्दछ।

कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेशको धारा 20A अन्तर्गत भुक्तान नगरिएको सामान्य कानून क्षतिको सम्बन्धमा राहत भुक्तानीका लागि, आवेदन दिन आवेदकले निम्नको प्रतिलिपिहरु प्रदान गर्नु पर्नेछ:

(a) हङकङको सक्षम क्षेत्राधिकार अदालतको फैसला वा आदेश; र

(b) अन्य कागजातहरू जसले बोर्डलाई यसको अनुसन्धानमा मद्दत गर्दछ।

*7. एउटा आवेदन पेश गरेपछि कुन कार्यहरूको अनुगमन आवश्यक हुन्छ?*

निवेदन प्राप्त भएपछि, बोर्डले आवश्यक ठाने मुताबिक सोधपुछहरु गर्नेछ। प्रत्येक आवेदकको बोर्डलाई सहयोग गर्नु र बोर्डले आवश्यक भए बमोजिम तोकिएको अवधीमा त्यस्ता जानकारी प्रदान गर्नु कर्तव्य हो। सो गर्न असफल भएको खण्डमा, बोर्डले एक आवेदक कोषबाट कुनै पनि भुक्तानीको हकदार हुने छैन भन्ने निर्धारण गर्न सक्दछ। थप रूपमा, बोर्डले रोजगारदाता, बीमाकर्ता र आवेदनसँग सम्बन्धित भएका कुनै पनि व्यक्तिहरुबाट बोर्डले आवश्यक पर्ने सोही अनुसार त्यस्ता सोधपुछहरु पनि गर्न सक्दछ वा जानकारी लिन सक्दछ।

*8. कुन परिस्थितिहरूमा रोजगारदाताले फण्ड बोर्डमा एक अधिभार तिर्नु पर्नेछ?*

कर्मचारी 'क्षतिपूर्ति अध्यादेशको धारा 40(1) बमोजिम, सबै रोजगारदाताहरूले अध्यादेश र सामान्य कानुन अनुसार सबै कामदारहरूको लागि काममा चोटपटक लाग्दा आफ्नो दायित्व निर्वाह गर्नका लागि कर्मचारी क्षतिपूर्ति बीमा नीति लिनु पर्दछ। एक रोजगारदाता जसले यो पालना गर्न असफल हुन्छ भने उसले एउटा अपराध गरेको ठहरिनेछ र अधिकतम $100,000 जरिवाना र दुई वर्षको जेल सजाय हुनेछ।

कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेशको सेक्शन 36A अन्तर्गत, माथिको अपराध उल्लंघन गरेको ठहरिएमा एक रोजगारदाता कर्मचारी क्षतिपूर्ति सहायता कोष बोर्डमा एक अधिभार तिर्न पनि जिम्मेवार छ। बोर्डले रोजगारदातालाई लिखित सूचना ("डिमांड नोटिस") पेश गर्नेछ, अधिभारको रकम, त्यसका आधार र रोजगारदाताले अधिभार तिर्ने अवधिको अवधिमा सल्लाह दिनेछ।

*9. रोजगारदाताले तिर्नु पर्ने सर्चार्जको रकम कति हो जसले कर्मचारीको क्षतिपूर्ति अध्यादेशको धारा 40(1) लाई उल्लंघन गर्छ?*

कर्मचारी क्षतिपूर्ति बीमा लेवीज अध्यादेश अन्तर्गत भुक्तान गरिएको बीमाको बीमाशुल्कमा नियोक्ता द्वारा भुक्तान योग्य अधिभारको रकम देय लेवीको तीन गुणा छ।

जहाँ एक रोजगारदाताले कर्मचारी क्षतिपूर्ति अध्यादेशको धारा 40(1) लाई उल्लंघन गर्दछ, र पहिलो उल्लंघनको लागि बोर्डले डिमांड नोटिस दिएको 24 महिना भित्र फेरि धारा 40(1) ("दोस्रो उल्लंघन") को उल्लंघन गर्दछ भने, दोस्रो उल्लंघनको सन्दर्भमा रोजगारदाताले तिर्ने सर्चार्ज(थप शुल्क)को गणना रकम पहिलो सर्चार्जको दुई गुणा हुनेछ (जस्तै, लेभी भुक्तान x 3 गुणा x 2 गुणा) ।

विशेष परिस्थितिमा, कर्मचारी क्षतिपूर्ति सहयोग अध्यादेशको सूची 4 मा तोकिए बमोजिम रोजगारदाताहरूले निश्चित शुल्कमा एक थप शुल्क तिर्नु पर्छ :

*भाग एक*

बोर्डलाई लिखित सूचना द्वारा एक रोजगारदाताले एक निश्चित जानकारी समयावधि भित्र प्रस्तुत गर्न सक्दछ जुन बोर्डले रोजगारदाता द्वारा भुक्तान गर्न पर्ने अधिभारको रकम निर्धारण गर्न सक्षम गर्दछ। यदि रोजगारदाताले आवश्यकता पूरा गर्न असफल भयो र बोर्डले अन्यथा आवश्यक जानकारी प्राप्त गर्न असमर्थ भयो भने, रोजगारदाताले कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेशको सेक्शन 36A(3)(a) अनुसार $10,000 निश्चित रकममा बोर्डलाई एक थप शुल्क तिर्न जिम्मेवार हुन्छ; र

*भाग दुई*

जहाँ एक रोजगारदाता जसले कर्मचारीहरूको क्षतिपूर्ति बीमा नीति लिन असफल भएकोमा कर्मचारी क्षतिपूर्ति अध्यादेशको धारा 40(1) लाई उल्लंघन गरेको छ, विशेष कारणले गर्दा अन्ततः बिमा नीति लिएर धारा 40(1) पालन गर्न आवश्यक छैन, उल्लंघनको समाप्तिका लागि (उदाहरणका लागि संचालनको समाप्ति, अब कुनै पनि रोजगारमा कुनै पनि कर्मचारीलाई काम गर्न आवश्यक छैन, आदि), कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेशको धारा 36A(3)(b) अनुसार रोजगारदाताले तिर्ने अधिभारको निश्चित रकम $ 5,000 हो।

### *10. भुक्तानी योग्य अधिभारको रकमको विरूद्ध समीक्षाको लागि वा अपिलका लागि कसरी आवेदन दिने?*

एक रोजगारदाताले लिखित सूचना मार्फत थप शुल्कको मात्रा वा थप शुल्कमा लगाईएको आधारहरू आदेश सूचनामा तोकिएको अवधि भित्र बोर्डलाई अनुरोध गरेमा समीक्षा गर्न सकिन्छ । बोर्डले अनुरोध गरे बमोजिम समीक्षा गर्नेछ र सल्लाह दिदै समीक्षाको नतीजा रोजगारदातालाई लिखित सूचनामा जारी गर्नेछ । एक रोजगारदाता जो समिक्षा बोर्डको निर्णयसँग असन्तुष्ट छ भने जिल्ला अदालत समक्ष पुन: समिक्षाका लागि अपिल गर्न सक्दछन् ।

### *11. कुन परिस्थितिहरूमा रोजगारदातालाई अधिभार शुल्क तिर्ने छुट वा थप शुल्कको मात्रा घटाउन सकिन्छ?*

बोर्डलाई अधिभारको कुनै पनि भुक्तानी माफ गर्न वा यसको रकम कम गर्न अधिकार दिईएको छैन । जबसम्म दोषी ठहरिएका रोजगारदाताले अदालतलाई यो सजाय खारेज गर्न राजी गर्न सक्षम हुँदैन्न, कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेशको धारा 36A बमोजिम फण्ड बोर्डको थप शुल्क भुक्तान गर्न वैधानिक हुनेछन् ।

### *12. मैले अधिक जानकारी कहाँ प्राप्त गर्न सक्छु?*

कर्मचारी क्षतिपूर्ति सहायता अध्यादेश सम्बन्धी जानकारी बारे बोर्डको सचिवालयमा सोधपुछ गर्न सकिन्छ:

| | |
|---|---|
| ठेगाना : | 33/F, Morrison Plaza, 9 Morrison Hill Road, Wanchai, Hong Kong (MTR Causeway Bay Station Exit A, walk to Tin Lok Lane via Russell Street and Wan Chai Road) |
| टेलिफोन : | 2116 5684 |
| फ्याक्स : | 2109 0310 |
| ईमेल : | contact@ecafb.org.hk |
| होमपेज : | http://www.ecafb.org.hk |

## ध्यान दिनु पर्ने बुँदाहरु

यो जानकारी नोटको तयार गर्न प्रत्येक बुँदाहरुलाई ध्यानमा राखेको छ, कानूनको प्रावधान व्याख्या गर्न एक मात्र अधिकार अध्यादेशहरूमा रहन्छ । अध्यादेशको पूर्ण पाठ न्याय विभागको दोभाषे कानून सूचना प्रणाली (http://www.elegislation.gov.hk) मा अपलोड गरिएको छ ।